नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय

# भूमिसुधार तथा व्यवस्थापन विभाग

(राजस्व तिरो शाखा)

फ्याक्स नं. ४२३०५८५
महानिर्देशक: ४२२३०४९
निर्देशक प्रशासन: ४२२५९८२
निर्देशक योजना: ४२२६९८८
क.प्र.शाखा: ४२६६४९३
आ.प्र.शाखा: ४२६६४९३
पिए शाखा ४२२००२८

बबरमहल, काठमाण्डौ

प.सं. ०७२।०७३। रा.ति. १०
च.नं.:- २०५

मिति :- २०७२।५।२३

विषय :- परिपत्र ।

श्री मालपोत कार्यालय, सुर्खेत, जाजरकोट, हुम्ला, कैलाली, कञ्चनपुर, डडेलधुरा, बझाङ, बाजुरा, बैतडी, दार्चुला, दाङ, काभ्रे, बर्दिया ।

प्रस्तुत विषयमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयको प.सं. ३। (२।२) २०७२।०७३ च.नं ४१ मिति २०७२।५।१७ को परिपत्र गरिदिने विषयको पत्रको प्रतिलिपी यसै पत्रसाथ त्यहां पठाइएको छ सोही अनुसार गर्नु हुन आदेशानुसार अनुरोध छ ।

बुद्धि बहादुर कार्की
(शाखा अधिकृत)

श्री सूचना तथा अभिलेख शाखा
यसै परिपत्र र संलग्न विवरण विभागको website मा राखिदिनु हुन ।

नेपाल सरकार
# भूमिसुधार तथा व्यवस्था मन्त्रालय
बसोवास व्यवस्थापन शाखा

☎ ४२११६८३
४२११६६६
४२११६३२
फ्याक्स ४२३२२६२
४२११७०८
सिंहदरबार, काठमाण्डौ

प.सं.३(२/२)/२०७२/०७३ मितिः-२०७२।५।१७

च.नं. ४१

विषयः परिपत्र गरिदिने ।

श्री भूमिसुधार तथा व्यवस्थापन विभाग,
बबरमहल, काठमाण्डौ ।

नेपाल सरकार (मंत्रीपरिषद) को मिति २०७२।५।१४ को निर्णयानुसार मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति गठन आदेश, २०७० र कार्ययोजना तथा भूमिहिन मुक्त कमैयालाई जग्गा खरिद गर्न रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०६८ मा संशोधन गरी देहायको व्यवस्था गरेको हुँदा मंत्रीपरिषदबाट भएका निर्णय कार्यान्वयनका लागि देहायका जिल्लाहरुमा परिपत्र गरिदिनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

१. सुर्खेत, जाजरकोट, हुम्ला, कैलाली, कंचनपुर, डडेल्धुरा, डोटी, अछाम, बझाङ्ग, बाजुरा, बैतडी र दार्चुला जिल्लामा रहेका मुक्त हलियाले उपभोग गरिरहेको जग्गा निजकै नाममा दर्ता गर्दा वा अनुदान रकमबाट जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर मुक्त हलियाका लागि छुट गर्ने ।
२. दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा रहेका मुक्त कमैयाको पुनःस्थापन गर्ने क्रममा तत् तत् जिल्लामा रहेका जिल्ला पुनःस्थापन समितिको निर्णयबाट जग्गा प्राप्त गर्ने मुक्त कमैयाले भोग गरेको जग्गा र कित्ता नं. फरक पर्न गएको अवस्थामा त्यस्तो घरजग्गा आपसी सहमतिमा राजीखुसीले सट्टापट्टा गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर छुट गर्ने ।

संलग्नः
१. नेपाल सरकारबाट स्वीकृत मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति गठन आदेश, २०७० र कार्ययोजना (पहिलो संशोधन) आदेश, २०७२ पाना १
२. नेपाल सरकार बाट स्वीकृत भूमिहिन मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७२ पाना १

(लक्ष्मणकुमार हमाल)
उपसचिव

# मुक्त हलिया पुन:स्थापन समस्या समाधान समिति गठन आदेश, २०७० र कार्ययोजना (पहिलो संशोधन), २०७२

मुक्त हलिया पुन:स्थापन समस्या समाधान समिति गठन आदेश, २०७० र कार्ययोजनालाई संशोधन गर्न बाञ्छनीय भएकोले,

नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायको गठन आदेश र कार्ययोजना बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस गठन आदेश र कार्ययोजनाको नाम " मुक्त हलिया पुन:स्थापन समस्या समाधान समिति गठन आदेश, २०७० र कार्ययोजना (पहिलो संशोधन), २०७२" रहेको छ ।

(२) यो गठन आदेश र कार्ययोजना तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>मुक्त हलिया पुन:स्थापन समस्या समाधान समिति गठन आदेश र कार्ययोजना, २०७० (यस पछि "मूल आदेश र कार्ययोजना" भनिएको) को प्रकरण ४.२.१ मा संशोधन :</u> मूल गठन आदेश र कार्ययोजनाको प्रकरण ४.२.१ मा रहेको "रु. एकलाख पचास हजार भन्ने शब्दहरुको सट्टा "दुई लाख " भन्ने शब्दहरु राखिएका छन् ।

३. <u>मूल गठन आदेश र कार्ययोजनाको प्रकरण ४.२.२ मा संशोधन:-</u> मूल गठन आदेश र कार्ययोजनाको प्रकरण ४.२.२ मा रहेको "हिमाली र पहाडी क्षेत्रको हकमा प्रति परिवार रु. तीन लाख र तराइ क्षेत्रको हकमा रु. दुई लाख" भन्ने शब्दहरुको सट्टा "हिमाली र पहाडी क्षेत्रको हकमा प्रति परिवार रु. तीन लाख पच्चीस हजार र तराइ क्षेत्रको हकमा दुई लाख पच्चीस हजार" भन्ने शब्दहरु राखिएका छन् । त्यस्तै सोही प्रकरण ४.२.२ मा उल्लिखित " घर मर्मत संभारका लागि बढीमा रु. एकलाख सम्म" भन्ने शब्दको सट्टा "रु. एकलाख पच्चीस हजार सम्म" भन्ने शब्दहरु राखिएका छन् ।

४. <u>मूल गठन आदेश र कार्ययोजनाको प्रकरण ४.२.४ मा थप:</u> मूल गठन आदेश र कार्ययोजनाको प्रकरण ४.२.४ पछि देहायका प्रकरण ४.२.५ र ४.२.६ थप गरिएका छन्:-

"४.२.५ मुक्त हलियाले उपयोग गरिरहेको जग्गा निजकै नाममा दर्ता गर्दा वा अनुदान रकमबाट जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर मुक्त हलियाका लागि छुट गर्ने ।

४.२.६ मुक्त हलिया परिवारलाई अनुदान रकमबाट जग्गा उपलब्ध गराउँदा तयार गर्नु पर्ने लिखत खर्च बापतको रकम प्रति लिखत रु. ५००।- उपलब्ध गराउने ।"

# भूमिहिन मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७२

भूमिहिन मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०६८ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

नेपाल सरकार, मन्त्रिपरिषदले देहायको कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम " भूमिहिन मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>भूमिहिन मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिने सम्बन्धी कार्यविधि, २०६८ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा ८ मा संशोधन:</u> मूल कार्यविधिको दफा ८ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ:-

"(४) जिल्ला समितिको निर्णयबाट जग्गा प्राप्त गर्ने मुक्त कमैयाले भोग गरेको जग्गा र कित्ता नं. फरक पर्न गएको अवस्थामा त्यस्तो घरजग्गा आपसी सहमतिमा राजिखुसीले सट्टा पट्टा गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर छुट हुने छ ।"

३. <u>मूल कार्यविधिको दफा १० मा संशोधन:</u> मूल कार्यविधिको दफा १० मा रहेका "दुई सय भन्ने शब्दहरुको सट्टा "पाँच सय" भन्ने शब्दहरु राखिएका छन् ।

४. <u>मूल कार्यविधिको दफा १२ मा संशोधन:</u> मूल कार्यविधिको दफा १२ को उपदफा (१) मा रहेका "एक लाख पचास हजार भन्ने शब्दहरुको सट्टा दुई लाख" भन्ने शब्दहरु राखिएका छन् ।

५. <u>मूल कार्यविधिको दफा १९ मा संशोधन:</u> मूल कार्यविधिको दफा १९ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

"(१) मुक्त कमैयालाई देहाय बमोजिमको घर निर्माण खर्च र काठ बापतको रकम उपलब्ध गराइने छ:-

(क) घर निर्माण खर्च बापत पचपन्न हजार रुपैंया,

(ख) ३५ क्यु.फिट काठ बापत एकमुष्ट [illegible] रुपैंया।"